फानः ०६१-५०६४००

# मादी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८१/०८२

मिति : २०८२/०३/३२

सूचना नं : २५

### विषयः सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी सूचना।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भदौ मसान्तभित्र (श्रावण एक गते देखी भाद्र मसान्त सम्म दुई महिना सम्म) सम्बन्धित वडा कार्यालयमा स्वयम् उपस्थित भई बायोमेट्रिक भेरिफिकेशन गरी सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने कानुनी व्यवस्था रहेको छ। साथै आफ्नो हेरचाह आफै गर्न नसक्ने, अति अशक्तको हकमा निजको बुबा आमा, संरक्षक वा स्याहार सुसार गर्ने व्यक्ति उपस्थित भई र अन्यको हकमा स्वयम् उपस्थित भई तपसिल बमोजिमको आवश्यक कागजातका साथ सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न/गराउनुहुन अनुरोध छ। तोकिएको मितिमा नवीकरण गर्न नआएमा स्वतः लगतकट्टा हुने व्यहोरा समेत जानकारी गराईन्छ।

**आवश्यक कागजातहरुः**

१.राष्ट्रिय परिचयपत्रको प्रतिलिपि वा नम्बर ।

२.नागरिकता प्रमाणपत्रको प्रतिलिपि साथै हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।

३.सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको परिचयपत्र ।

४.विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र हाल अविवाहित रहेको वडाको सिफारिस।

५.बालबालिकाको हकमा जन्म दर्ता प्रमाणपत्र र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

६.अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि।

७.सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेका ६० वर्ष उमेर पुरा भएको महिलाको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र हाल अविवाहित रहेको वडाको सिफारिस।

नोटः बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, अशक्त, असहाय वा ९० वर्ष माथिका ज्येष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य नभएको ।

..................

प्रशासकीय अधिकृत